गोलन्जोर गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय,

ग्वालटार, सिन्धुली।

आ.व.२०७४/०७५ को प्रथम चौमासिक प्रगति समीक्षा गोष्ठीको प्रतिवेदन

मितिः२०७४/०९/१८

१, कार्यक्रमका श्रीमान् अध्यक्ष तथा यसगाउँपालिका अध्यक्षज्यू,

२, प्रमुख अतिथिज्यू, अतिथिज्यू

३, गाउँपालिकाका उपाध्यक्षज्यू

४,जुनारसुपरजोन,नयाँसहरआयोजनाखुर्कोट,इलाकाप्रहरीकार्यालय
खुर्कोटलगायतविभिन्नकार्यालयकाप्रमुखतथाप्रतिनिधिज्यूहरू

५, वडाध्यज्यूहरू, गाउँकार्यपालिकाका सदस्य तथा वडासदस्यज्यूहरू

६, ने.क.पा. (ए.मा.ले.) कापार्टी प्रमुख वा प्रतिनिधिज्यू

७, नेपाली कांग्रेसका पार्टी प्रमुख वा प्रतिनिधिज्यू

८, ने.क.पा. माओवादी केन्दका प्रमुख वा प्रतिनिधिज्यू

९, ज.दो.म. पार्टी प्रमुख वा प्रतिनिधिज्यू

१०, पत्रकारमित्रहरू

११, नेपाल शिक्षक संगठनका प्रमुख वा प्रतिनिधिज्यू

१२, नेपाल शिक्षक संघका प्रमुख वा प्रतिनिधिज्यू

१३, एकीकृत अखिल नेपाल शिक्षक संगठनका प्रमुख वा प्रतिनिधिज्यू

१४, उच्च माध्यमिक शिक्षक एसोसियसन

१५, कौशिका मा.वि.काप्र.अ.ज्यू

१६, टोल विकास समिति ग्वालटारका प्रमुख वा प्रतिनिधिज्यू

१७, ग्वालटारस्थित सहकारी संस्था, मेलमिलापकेन्द्र

१८, आदरणीय जनसमुदायहरू

आज यस गरिमामय सभामा यस गोलन्जोर गाउँपालिकाको मिति २०७४ साल श्रावणदेखि कार्तिक सम्म र त्यस अघि र पछिका कार्य प्रगतिका वारे विवरण प्रस्तुत गर्ने अवसर पाउँदा मलाइ अत्यन्त गर्व महसुस भएको छ । मेरो यो प्रस्तुतीका बारेमा तपाइहरूको जिज्ञासा र सुझावको अपेक्षा गर्दछु । म गोलन्जोर गाउँपालिकाको आ.व.२०७४/०७५कोप्रथमचौमासिक (२०७४ श्रावणदेखि कार्तिकसम्म)प्रगति र त्यसभन्दा पछिको हाल सम्मको प्रगति प्रस्तुत गर्न चाहन्छु ।

## अनुमानित व्यय र स्रोत व्यवस्थापन

| | | | |
|---|---|---|---|
| गोलन्जोर गाउपालिकाको ०७४।७५ | आ.व. | | |
| वित्तीय समानीकरण (निसर्त अनुदान) तर्फको आय | १६,४४,५५००० । | | |
| आन्तरिक आय | १६,८७,०००। | | |

| | | | |
|---|---|---|---|
| निसर्त र आन्तरिक आयजम्मा | १६,६१,४२,००० । | | |
| सशर्त अनुदानआय | १०,३७,८६०००। | | |
| जम्मा आय | २६,९९,२८,००० । | | |
| व्यय तर्फ छुट्ट्याइएको | | | |
| निसर्ततर्फ | | | |
| कार्यालय संचालन र म्याचिङ फन्ड ५५लाख सहित चालु र पूँजीगत | ५,२०,६२०००/ | चालु ३,९५,२३,५०० र पूँजीगत १,२५,३८,५००/ | |
| आयोजना र कार्यक्रमतर्फ | ११,३८,३१,००० / | | |
| कार्यालय संचालन तथा आयोजना र कार्यक्रमतर्फ जम्मा | १६,५८९३०००/ | | |
| ससर्त तर्फको व्यय | १०,३७,८६,०००। | | |

**प्रथम चौमासिक खर्च तर्फ**(आ.व.२०७४/०७५को)

**कार्यालय संचालन तर्फ**

## १. निसर्त चालु

| सि.नं. | शीर्षक | विनियोजित रकम | प्रथम चौमासिक खर्च | कैफियत |
|---|---|---|---|---|
| १। | कर्मचारीहरूको तलब | | २०,३२,७४१/५० | |
| २। | कर्मचारीहरूको | | ७०,५००/ | |

| | | | | |
|---|---|---|---|---|
| | भत्ता | | | |
| ३। | बैठक भत्ता | | १२,९२,१००/ | गाउँसभा, गाउँका.पा. र वडा समितिको बैठक |
| ४। | परामर्श तर्फ | | १,०६,४४९/ | सव इ.१, एसि.सव. इ.१ र का.स.१ को तलब समेत |
| ५। | कार्यालय संचालन खर्च | | ५,९३,९७१/ | गा.पा., ७ वटा वडा का. र केही मात्रामा विषयगत कार्यालय तर्फ |
| ६। | संचार महसुल | | १,७०,९२०/ | गा.पा. र वडा का. |
| ७। | इन्धन | | १,३६,५००/ | |
| ८। | मर्मत सम्भार | | १३,८२६/ | |
| ९। | घर भाडा | | ८३,५००/ | |
| १०। | अन्य भाडा | | ४,५९,०००/ | |
| ११। | विविध खर्च | | ३,२१,४९०/ | गा.पा. र वडा का. |
| १२। | पन्जीकरण | | १,४०,५००/ | |
| १३। | विद्युत | | ३४३५/ | |
| १४। | दै.भ्र.भ. | | १,८६,१००/ | |
| | | जम्मा | ५६,११,०३२/५० | |

## २, जि.स.स. सिन्धुलीबाट बाट थप निकासाबाट खर्च

| सि.नं. | शीर्षक | विनियोजित रकम | प्रथम चौमासिक खर्च | कैफियत |
|---|---|---|---|---|
| १। | बाल सञ्जाल | | ४२,०००/ | |
| २। | सुनौला हजार | | २,०,२०००/ | |
| ३। | सामाजिक परिचालक तलब | | २,१६,०००/ | |
| ४। | | जम्मा | ४,६०,०००/ | |

## ३, ससर्त चालु

| सि.नं. | शीर्षक | विनियोजित रकम | प्रथम चौमासिक खर्च | कैफियत |
|---|---|---|---|---|
| १। | पूर्ण खोप गोष्ठी | | ५,१००/ | ४,२५,०००/ |
| २। | महिला स्वयंसेविका अभिमुखीकरण | | ६०,०००/ | |
| ३। | गाउँघर क्लिनिक उपकरण खरिद | | ८,०००/ | |
| ४। | इम्प्लान्ट सेवा | | २६,०००/ | |
| ५। | आयुसिडी सेवा | | ७,०००/ | |
| ६। | फ्लेक्स व्यानर | | १२,०००/ | |
| ७। | किशोर किशोरी कार्यक्रम | | ८,०००/ | |
| ८। | फरमेट, फोटोकपी छपाइ | | १०,०००/ | |
| ९। | अनुगमन मूल्याङ्कन | | २१,०००/ | |
| १०। | अन्तर्क्रिया कार्यक्रम | | २२,०००/ **बाँकी पेश्की** | |
| ११। | फोहोरमैला व्यवस्थापन | | १०,०००/ | |
| १२। | OPDTicket छपाइ | | १०,०००/ | |
| १३। | कार्यालय मसलन्द खर्च | | ५०,०००/ | |
| १४। | स्वास्थ्यको तलब भत्ता | | ६१,०१,८७१/३० | |
| १५। | शिक्षकहरूको तलबभत्ता | | ३,३३,४२२५९/४० | |
| १६। | पशु विकासको त.भ.करार | | ३,३२,५५०/ | |
| १७। | कृषि विकासको त.भ.करार | | ४,४३,४००/ | |
| १८। | | जम्मा | ४,०६,९५,०८०/७० | |

४, **जिल्ला जनस्वास्थ्य का. सिन्धुलीबाट** सामुदायिक स्वास्थ्य केन्दका लागि निकासा भएको त.भ. २,५८,०००/ खर्च भएको छ ।

५, **सामाजिक सुरक्षा भत्ता शीर्षकमा** रू. १,४८,५२,०००/ निकासा गरिएको थियो । प्रत्येक वडा कार्यालयबाट कागजातहरू संकलगन भई सोको पेश्की फर्छ्योटको काम सुरू भएको छ । यसमा केही रकम बाँकी हुन सक्छ । यस गाउँपालिका भित्र सामाजिक सुरक्षा भत्ता लिने सबै व्यक्तिहरूको विवरण पंजीकरण विभागको फर्म्याटमा मिति २०७४ भाद्र महिनामा नै अनलाइन इन्ट्री गरी यथार्थ विवरण तयार गरी प्रथम चौमासिक निकासा दशैं अगावै गरेका थियौं । दोस्रो चौमासिक निकासाका लागि अपडेट विवरण पुनः अनलाइन इन्ट्री गर्ने काम हुँदै छ । समयमा नै यस पटक पनि उक्त भत्ता निकासा गरिने छ ।

६, **आन्तरिक आय रू. ७६,६९६/** संकलन भएको छ । यस आ.व. मा १६ लाख ८७ हजार आन्तरिक आय सकंलन गर्ने अनुमान गरिएको र सोही अनुसार रकम विनियोजन गरिएको थियो तर गाउँपालिकाले अनुमान गरेको भन्दा ज्यादै न्युन रकम संकलन भएको छ । यही अनुरूप संकलन भए हामीले विनियोजन गरेको कार्यक्रमहरू मध्ये कतिपय कार्यक्रम रकम अभावका कारण कार्यान्वयन हुन समस्या देखिन्छ । यस गाउँपालिकाको आर्थिक ऐन, २०७४ मा कर दस्तुर उठाउने व्यवस्था गरिएको छ । करको दर र दायरा धेरै भए पनि वडामा कर्मचारीको अभाव लगायतका कारण कर संकलन सन्तोष जनक नभएको हो । भवन निर्माणको अनुमति, विभिन्न किसिमका दस्तुर लगायत शीर्षकमा रकम संकलन भइ रहेको छ । ढुङ्गा, गिट्टी, वालुवा निकासी वापतको दस्तुर उठाउन प्रदेश कानुनले निर्धारण गरे बमोजिम गाउँ पालिकाले संकलन गर्ने भन्ने व्यवस्था भएकोले हालमा अल्पकालीन रूपमा उक्त काम वापत दस्तुर उठाउन IEE (प्रारम्भिक वातावरणी परीक्षण) को काम सुरू गरिएको छ । सोको प्रतिवेदन तयार पश्चात् जिल्ला समन्वय समितिबाट स्वीकृत भए पछि काम सूचारू गर्ने लक्ष्य राखिएको छ । आगामी दिनमा पर्यटन प्रवर्द्धनसँग सम्बन्धित यस गाउँपालिकाका र्यफ्टिङ, भ्यु टावर, साइकल जोन लगायत गौरवका योजनाहरू सम्पन्न भई कार्यान्वयनमा जान सके र करका दर र दायरा फराकिलो बनाउन प्रयास गरे तथा गाउँपालिका र वडा कार्यालयबाट कर संकलनमा सक्रियता देखाउन सकिए कर संकलनमा सुधार आउने देखिन्छ ।

**कार्यक्रम तथा आयोजना तर्फ (पूँजीगत सुधार)**

**<u>आ. व. ०७३/७४ को योजनाको काम (</u>**२०७३/०७४ दोस्रो निकासा रू ४८ लाख मध्येको)

| सि.नं. | शीर्षक | विनियोजित रकम | प्रथम चौमासिक खर्च | कैफियत |
|---|---|---|---|---|
| १। | गा.पा. जाने ड्रेनमा फलामको स्ल्याव | | १६,१००/ | कर सहित |
| २। | ४ नं. वडाको रानीखोला-वेस्टाँडी-मूलडाँडा सडक मर्मत | २,००,०००/ | १,९२,०००/ | |
| ३। | ६ नं. हैवार गाउँ नारायणडाँडा सडक नर्माण तथा मर्मत | २,००,०००/ | १,९२,०००/ | |
| ४। | वडा नं. ६ को नाकाजोली हायुटोलदेखि वडा कार्यालय सडक निर्माण तथा मर्मत | १,५०,०००/ | १,४४,०००/ | |
| ५। | वडा नं. ६ को नाकाजोलीदेखि वडा कार्यालय जाने बाटो मर्मत | १,५०,०००/ | १,४४,०००/ | |
| ६। | वडा नं. ६ कार्यालयमा भवन मर्मत र सामान खरिद | १,००,०००/ | ९६,०००/ | |
| ७। | ३ नं. वडाको च्याङ्लुङ हुँदै तीनकन्या जाने बाटो ट्र्याक खोल्ने | ३,५०,०००/ | ३,३६,०००/ | |
| ८। | ५ नं. वडाको कृष्ण मन्दिर हुँदै चिसापानी जाने सडक मर्मत तथा नाला निर्माण | २,२५,०००/ | २,१६,०००/ | |
| ९। | वीपीराजमार्गबाट ५ नं. वडा कार्यालय जाने बाटो मर्मत | २,२५,०००/ | २,१६,०००/ | |
| १०। | ५ नं. वडा कार्यालय भवन निर्माण तथा मर्मत | ५,००,०००/ | ४,८०,०००/ | |
| ११। | ४ नं. वडाको आलुवारी पोखरी हुँदै वडा कार्यालय जाने बाटो मर्मत | २,००,०००/ | १,९२,०००/ | |
| १२। | ४ नं. वडा कार्यालय भवन मर्मत | ४,००,०००/ | ३,८४,०००/ | |
| १३। | ७ नं. वडाको वडा कार्यालय घेरावारा | २,००,०००/ | १,९२,०००/ | |

## आ. व. ०७४/७५ को योजनाको काम

| सि.नं. | शीर्षक | विनियोजित रकम | प्रथम चौमासिक खर्च | कैफियत |
|---|---|---|---|---|
| १। | ५ नं. वडामा साइकल जोन को सर्वेमा झाडी सफा गरेको | १९,००,०००/ | ६७,०००/ | कर सहित |
| २। | २ नं. वडा वितीजोरमा विद्युत् ट्रान्सफर्मर खरिद | ८,००,०००/ | ६,६४,४८०/ | |
| ३। | एम्बुलेन्स खरिदको लागि सिप्रदी ट्रेडिङमा भुक्तानी गरेको | १५,००,०००/ | १०,१२,३८०/ | |
| ४। | र्याफ्टिङ सम्भाव्यता अध्ययन, सर्वे, डिजाइन, स्थलगत अध्ययन र सोको प्रतिवेदनका लागि खर्च | १,९०,००,०००/ | ५,००,०००/ | NARAसँग MOUगरेर काम गरिएको यस कामका लागि प्रतिवेदन प्राप्त भए पछि रू १,८२,०००/ भुक्तानी गर्न बाँकी । |
| ५। | | | | |

आ.व. २०७३/०७४ र २०७४/०७५ को योजना तथा कार्यक्रम प्रथम चौमासिक जम्मा खर्च रू ५०,४३,९६०/ र कन्टिजेन्सी तर्फ खर्च रू.४,०३,६५०/ गरी जम्मा रू. ५४,४७,६१०/ खर्च भएको ।

<u>कार्यालय संचालन तर्फ पुँजीगतआ.व.२०७४/०७५को)</u>

| सि.नं. | शीर्षक | विनियोजित रकम | प्रथम चौमासिक खर्च | कैफियत |
|---|---|---|---|---|
| १। | मेसिन औजार | | ९,७८,८६२/ | कम्प्युटर, ल्यापटप, सर्वे मेसिन |
| २। | फर्निचर | | ३,५९,२०४/ | |
| | | जम्मा | १३,३८,०६६/ | |

**<u>बाँकी कामको विवरण ७७ वटा योजना मध्ये निर्माणसँग सम्बन्धित</u>**

१, सडक, सिंचाइ, लिफ्ट सिंचाइ, र्यापिटङ, भ्युटावर, भवन, घेरावारा, खेलमैदान लगायतका पूर्वाधारका करीब ७७ वटा योजना मध्ये

| सि.नं | काम बाँकी | सर्भे लगायत अध्ययनको काम सुरू | सर्भे लगायत अध्ययनको काम सम्पन्न | योजनाको काम सुचारू | काम सम्पन्न | रनिङ विलमा भुक्तानी | अन्तिम भुक्तानी | जम्मा योजना |
|---|---|---|---|---|---|---|---|---|
| १ | ४१ | ३ | १४ | ६ | ९ | २ | २ | ७७ |

२, **प्राथमिक तहमा अंग्रेजी माध्यमको** कक्षा संचालन गर्न रू.४० लाख विनियोजन भएकोमा प्रस्ताव माग गरी गाउँकार्यपालिकाबाट १२ वटा विद्यालय छनौट भएका मध्ये प्रत्येक विद्यालयसाग सम्झौता गरी कुन काममा कति रकम खर्च गर्ने हो सोको शीर्षक सहित सम्बन्धित वि.व्य.स.को निर्णय समेतका आधारमा ५० देखि ७० प्रतिशत रकम पेश्की स्वरूप भुक्तानी दिन सुरू गरिएको छ ।ती विद्यालयहरूले उक्त निर्णय अनुसारको काम सम्पन्न गरी कार्यालयलाइ जानकारी दिए पछि अनुगमन टोलीको प्रतिवेदन अनुसार बाँकी भुक्तानी दिने व्यवस्था मिलाइएको छ । उक्त १२ वटा विद्यालय मध्ये हाल सम्म ७ वटा विद्यालयले पेश्की रकम लिएका छन् ।

३, **मा.वि. नयाँ खर्क, गोलन्जोर गाउँपालिका वडा नं. ५ मा कृषि जे.टि.ए.** अध्यापनका लागि रू.२० लाख रकम विनियोजन गरिएकोमा उक्त मा.वि.सँग कार्यक्रम संचालन गर्न सम्झौता भइ सकेको छ । उक्त विद्यालयको व्यवस्थापन समितिको निर्णय बमोजिमको शीर्षक मध्ये सामान खरिद तर्फको रू.१० लाख मध्ये पेश्की स्वरूप रू. ७ लाख रकम भुक्तानी दिइएको छ । बाँकी रू.१० लाख लागतको भवन निर्माण शीर्षकको रकम प्राविधिक प्रतिवेदनका आधारमा नियम बमोजिम पछि भुक्तानी दिने व्यवस्था मिलाइएको छ ।

४, **सामुहिक रूपमा ५० प्रतिशत समुहको** लागतमा गाइ, बाख्रा फारम, डेरी उद्योग, पशुविमाका लागि २०७४/०७/१५ गतेभित्र १ महिना म्याद दिइ प्रस्ताव माग गरिएको थियो । उक्त म्याद भित्र २० भन्दा बढी समूहको प्रस्ताव दर्ता भएको छ । यस कामका लागि गाउँ कार्यपालिकाको बैठकले एउटा समिति बनाइ उक्त समितिलाइ स्थलगत अनुगमन गरी समूह छनौट, रकम विनियोजन लगायतको काम सम्पन्न गर्ने जिम्मेवारी दिएको छ । उक्त समितिले समेत Specific काम हुने गरी कार्यक्रम बनाइ समूहलाइ सक्रिय बनाउने छ भन्ने अपेक्षा गरिएको छ ।

**भुकम्प पुनर्निर्माण सम्बन्धमा**

- वडा स्तरमा भूकम्प पुनर्निर्माणका लागि प्राविधिक जनशक्ति खटिएका छन् । समय सीमाका कारणले २०७४ पुष महिनाको सुरूदेखि पुनर्निर्माणको काममा अलिक तीव्रता आएको छ । हामीले पनि यही समयदेखि पुनर्निर्माणको काम र त्यहाँ खटिएका जनशक्तिको काम प्रति चासो लिन थालेका छौं । यस काममा हामीले खटिएका कर्मचारीले जनताप्रति असहयोग गरी दुःख दिए नदिएको र कार्यक्षेत्रमा खटिए नखटिएको बारे चासोका साथ निगरानी गरेका छौं। यस बारेको जनताको गुनासोलाइ तुरून्त संवोधन गर्ने प्रयास गरेका छौं। गुनासो खुला रूपमा राख्न अनुरोध गरेका छौं र सो काममा सहयोग गर्न सबैमा अनुरोध गर्दछौं ।

**जनशक्ति**

- गाउँपालिका केन्द्रमा निजामती सेवाका प्रमुख प्रशासकीय पद १, ना.सु. २ , ले.पा. १ गरी ४ जना कर्मचारीहरू कार्यरत रहेका छन् । खुला प्रतिष्पर्धामा छनोट भइ मिति २०७४ भाद्र १३ गतेदेखि सिभिल इन्जिनियर १ जना कार्यरत रहेका छन् । सव इ. १ र एसि.सव.इ १

गरी २ जना परामर्श सेवाको करार तर्फ कार्यरत रहेका छन् । कार्यालय सहयोगी १ जना पनि परामर्श सेवाको करार तर्फ कार्यरत रहेका छन् । प्राविधिक क्याम्पसहरूसँगको समन्वयमा करीब ४ महिनाका लागि ओ.जे.टी. को प्राविधिक काममा सव.इ. १ जना र एसि.सव.इ. २ जना गरी ३ जना प्राविधिक कर्मचारी कार्यरत रहेका छन् । यस गाउँपालिकाको वडा कार्यालयहरूमा एसि.सव.इ. स्थायी कर्मचारी ३ जना कार्यरत रहेका छन् ।

- विषयगत शाखामा शिक्षा तर्फ विद्यालय निरीक्षक १ जना, महिला विकास तर्फ सहा.महिला निरीक्षक १ जना, कृषि विकास तर्फ ना.सु. सरहका १ जना स्थायी कर्मचारी र करारका खरिदार सरह ४ जना कर्मचारी कार्यरत छन् । पशु सेवा तर्फ ना.सु. सरह १ जना, करार खरिदार सरह ४ जना र का.स. स्थायी १ जना कार्यरत रहेका छन् ।
- ७ वटै वडा कार्यालयमा ३-३ वटा पद मध्ये वडा सचिवको पदमा वडा २ र ६ मा मात्र वडा सचिव कार्यरत रहेका छन् । बाँकी ५ वटा वडा कार्यालयको सचिव पद रिक्त रहेको छ । बडा कार्यालयहरू क्रमशः वडा नं. १,४ र ५ मा वडा सचिवको काम गर्न विकास तर्फका स्थायी कर्मचारीहरूलाइ तोकिएको छ । यस गाउँ कार्यपालिकाका ना.सु. श्री रोहितकुमार कार्कीले वडा नं. ३, ७ र गा.पा. कार्यालयको योजना शाखाको काम सम्पादन गर्दै आउनु भएको छ ।
- वडा नं. ४ र ५ मा कार्यालय सहयोगी पद रिक्त रहेको छ । नेपाल सरकारले गाउँपालिकाको रिक्त पद मध्ये प्राविधिक पदमा खुला प्रतिष्पर्धा गराइ करारमा नियुक्ति गर्ने बाहेकका पदमा करार नियुक्ति गर्न वन्देज लगाएको स्थिति छ ।

**<u>भौतिक साधन स्रोत</u>**

- ३ नं. वडाको ग्वालटारमा लिएको भाडाको मूख्य कार्यालय भवन ५ कोठाको छ । यही ३ नं. वडा ग्वालटारमा रहेको १६ कोठे भवनमा गाउँपालिकाको बैठक कक्षको व्यवस्था गरिएको छ । उक्त १६ कोठे भवन एकान्त स्थलमा भएकोले सुरक्षा र पायकका दृष्टिले कार्यालयको भवनको रूपमा संचालन गर्न सकिएको छैन । हाल भाडामा लिएको भवन अत्यन्त साँघुरो छ । सेवा प्रवाह गर्न कठिनाइ भएको छ ।यसको विकल्पको खोजी भइरहेको छ ।
- कार्यालयमा फर्निचर लगायत भौतिक साधन पर्याप्त रहेको छ ।

- गाउँपालिकाको लागि यस गा.पा. को वडा नं. ३ मा निशुल्क जग्गा प्राप्तिका लागि गाउँ कार्यपालिकाको बैठकले जग्गा व्यवस्थापन समिति गठन गरेको छ र उक्त समितिले सो का लागि सूचना प्रकाशित गरेको थियो । निवेदन पनि परेको छ सोको बारे अध्ययन गरी टुंगो लगाउन बाँकी छ ।

**समस्या**

- नयाँ संगठन संरचना, कार्य प्रक्रिया, स्पष्ट र पूर्ण कानुनी व्यवस्थाको अभावले कार्य सम्पादनमा समस्या छ । स्थानीय सरकार संचालन ऐन, २०७४, यही २०७४/०६/२९ गते जारी भयो । यस कानुनले केही स्पष्ट पारे पनि यसको नियमावली बनेको स्थिति छैन ।
- वडा सचिव रिक्त छ वडाको योजना संचालन, घटना दर्ता, सिफारिस लगायतका काममा धेरै समस्या छ । उपभोक्ता समितिका पदाधिकारी लगायत जनताले स्पष्ट सूचना र कार्य प्रक्रियाको बारे जानकारी लगायत सहयोग पाउन कठिनाइ भएको छ ।
- संक्रमणकाल छ । कतिपय विषयगत कार्यालयहरू जिल्लामा छन् । काम कसले गर्ने भन्ने द्विविधा छ । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, विषयगत मन्त्रालय र अर्थ मन्त्रालयबीचको समन्वयको अभाव र समयमा नै स्थानीय तहमा जानकारीको अभावका कारण कृषि, पशु सेवा र महिला विकाससँग सम्बन्धित कार्यक्रमका लागि रकम विनियोजन हुन सकेन । जसका कारण ती क्षेत्रका अत्यावश्यकीय कार्यक्रम संचालन हुन सकेनन् । अर्थ मन्त्रालयबाट स्वीकृत स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को दफा १.५ मा स्थानीय तहमा विषयगत कार्यालयहरूबाट समायोजन भएर आउने कर्मचारी तथा कार्यक्रमहरूको लागि भने समायोजन हुनु पूर्वको सम्बन्धित निकायबाटै हस्तान्तरण हुने हुँदा समानीकरण अनुदानबाट बजेट व्यवस्था गर्नु पर्ने छैन भन्ने व्यवस्थाका आधारमा तेस्रो चरणको स्थानीय निर्वाचन बाँकी रहेका जिल्ला बाहेक सिन्धुली लगायत जिल्लाका स्थानीय तहले यही कानुन लगायतका आधारमा मिति २०७४ असार मसान्त भित्र नै बजेट विनियोजन गरेका थिए । तर माथि उल्लेखित विषयगत कार्यालयबाट मिति २०७४ भाद्र र सो भन्दा पनि ढिला कर्मचारीहरू कार्यक्रम सहित कर्मचारीहरू खटाइयो तर ती कार्यक्रम संचालन गर्ने रकम भने

निकासा भएन । गाउँपालिकामा प्राप्त भइ यस अघि नै माथिको निर्देशिका लगायतका आधारमा अन्य विभिन्न शीर्षकमा विनियोजन गरि सकिएको निसर्त अनुदान शीर्षकको रकमबाट यी विषयगत शाखाका कार्यक्रम संचालन गर्ने हो भनी जिल्ला स्थित सम्बन्धित कार्यालयबाट जानकारी प्राप्त भयो । यी विषयगत शाखाको बजेटका सम्बन्धमा केन्द्रस्तर लगायत विभिन्न निकाय तथा मिडियाले पनि कृषि, पशु विकास र महिला लगायत क्षेत्रका अत्यावश्यक कार्यक्रमको रकम सडक निर्माण लगायत काममा विनियोजन गर्यो भनी स्थानीय तहलाइ दोषी दिने गरिएको छ । यस प्रति हामीलाइ दुख लागेको छ ।उक्त विषयगत शाखाको अत्यावश्यकीय कामका लागि केही रकमको व्यवस्था गर्ने विषयमा आगामी गाउँसभाको बैठकमा छलफल हुने छ ।

**अवसर**

- काम गरेर देखाउन सकिने अवसर प्राप्त भएको छ । धेरै हदसम्म योजना छनोटदेखि तर्जुमा, विस्तृत सर्भे गर्ने योजना संचालन गर्दा प्राविधिकको प्रत्यक्ष संलग्नता, प्राविधिकको वस्तुगत प्रतिवेदनका आधारमा कार्य सम्पन्न प्रतिवेदन तयारी र प्राविधिक सहितको अनुगमन टोलीको वस्तुपरक स्थलगत प्रतिवेदनका आधारमा योजनाको काम सम्पन्न गरी भुक्तानी दिने गरिएको छ । यस पटकको सुरू योजना छनौटमा वस्तीस्तर सम्म पुगेर वृहत् छलफल गरी स्थानीय आवश्यकतामा आधारित योजना छनौट गरी गाउँपालिकामा सिफारिस गर्ने काममा छोटो समय निर्धारण गरिएको थियो । आगामी वर्षमा यस कामका लागि पर्याप्त समय छुट्ट्याउने प्रयास गरिने छ ।
- कर्मचारीहरू बीच, जनप्रतिनिधिहरू बीच, कर्मचारी र जनप्रतिनिधिहरू बीचको टिम वर्क राम्रो छ । प्राय अधिकांश निर्णय र काम सहमतीमा नै गर्ने अवसर प्राप्त भएको छ ।औपचारिक र अनौपचारिकरूपमा गाउँपालिकाको विकास निर्माण, सेवा प्रवाह लगायत काममा कसरी राम्रो गर्न सकिन्छ भनेर छलफल र कार्य सम्पादनमा जोड्ने प्रयास गरेका छौं । गाउँपालिकाबाट छुट्याइएको बजेटको सही सदुपयोग गर्ने सूचकहरू बनाइ लागू गर्ने प्रयास गरेका छौं । अनुगमन मूल्यांकन वस्तुपरक बनाएका छों । योजना कार्यक्रमको भुक्तानी अघि वस्तुपरक अनुगमन प्रतिवेदनलाइ राख्ने गरेका छै । जनगुनासोको जतिसक्दो चाँडो सम्बोधन गर्ने प्रयास गरेका छों ।

- जनताको काम साधनस्रोतले भ्याए सम्म छिटो र सहज रूपमा सम्पन्न गर्ने प्रयास गरेका छौं ।

**<u>आगामी दिनका लागि सुझाव</u>**

- योजना छनौटमा हरेक वस्तीस्तरमा पुगेर व्यापक जनसहभागिता जुटाइ योजना छनौट गरी गाउँपालिकामा सिफारिस गर्ने काममा जनप्रतिनिधि तथा कर्मचारीहरूलाइ पर्याप्त समय दिइ खटाउनु पर्छ ।
- योजना छनौट गर्दा भौतिक पूर्वाधार तर्फ सडक निर्माण योजना अन्तर्गत केही प्रतिशत पक्की सडक, केही प्रतिशत ग्राभेल, केही प्रतिशत ट्र्याक र केही प्रतिशत मर्मतमा बजेट विनियोजन गर्न सकिए सबै खालका सडक निर्माणको काम एकै पटक अघि बढाउन सकिन्छ ।
- गाउँपालिकाबाट छनौट भएको योजनाको उपभोक्ता समिति गठनदेखि स्थानीय स्तरका सामान्य विवादको निरूपण तथा योजना संचालन सही गुणस्तरमा सम्पन्न गर्न स्थानीय समुदायको सहयोग आवश्यक छ ।
- गाउँपालिकाका कर्मचारी तथा उपभोक्ता समितिका पदाधिकारीहरूलाइ तालिमको व्यवस्था गर्न उपयुक्त हुन्छ ।
-

अन्त्यमा गाउँपालिकाको कामलाइ अझ प्रभावकारी बनाउन सम्पूर्ण जनसमुदायको रचनात्मक सुझाव तथा प्रत्यक्ष र परोक्ष सहयोगको अपेक्षा राख्दै विदा चाहन्छु ।

टंकनाथ घिमिरे

प्रमुख प्रशासकीय अधिकृत

गोलन्जोर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

ग्वालटार, सिन्धुली